# प्रस्तावना

टोटो जाति सुदूर पश्चिम डुवर्समा बसोबास गर्ने आदिम जनजाति हो। यो आधुनिकतादेखि अत्यन्त अलग रहेका जनजातिहरू मध्ये एउटा हो। यिनीहरूको भाषा वैज्ञानिक अध्ययन नै प्रस्तुत शोध प्रबन्धको अभीष्ट रहेको छ।

स्नातकोत्तर तहको अध्ययनको क्रममा भाषाविज्ञानको सामान्य परिचय पाएपछि भाषा अध्ययनको यस वस्तुनिष्ठ एवम् वैज्ञानिक सिद्धान्त र पद्धतितर्फ मेरो विशेष रूचि बढेर गयो। स्नातकोत्तर अध्ययनको क्रममा विश्वविद्यालयमा रहँदा हुँदी विश्वविद्यालय अनुदान आयोगबाट छात्रवृत्ति पाएर पीएच.डी उपाधिहेतु शोधकार्य गर्ने इच्छा भयो। त्यसर्थ शोध कार्यको विषयको रूपमा टोटो जातिको भाषा वैज्ञानिक अध्ययनको प्रारूप तयार गरी आवश्यक पञ्जीकरण लिएँ। सन् २००६को जुलाईमा पञ्जीकरण भएपछि शोधकार्य अघि बढाउन थालें।

प्रस्तुत शोध प्रबन्धको पहिलो अध्यायमा शोधकार्यको उद्देश्य र पूर्वकार्यको सर्वेक्षण आदि रहेको छ। दोस्रो अध्यायमा टोटो जातिको परिचय प्रस्तुत गरिएको छ। तेस्रो अध्यायमा टोटो भाषाको ध्वनितात्त्विक परिचय प्रस्तुत गरिएको छ। चौथो अध्यायमा रूपतात्त्विक परिचय प्रस्तुत गरिएको छ भने पाचौं अध्यायमा टोटो भाषाको वाक्य विश्लेषण गरिएको छ। छैटौं अध्यायमा उपसंहार रखिएको छ।

प्रस्तुत शोधकार्यको थालनीदेखि यसको समापनसम्ममा विभिन्न विद्वान् हितैषी मित्रगणहरूको शुभेच्छा र पुस्तकालयको सहयोग रहेको छ। जसको गुण स्वीकार गर्नु म आफ्नो कर्तव्य ठान्दछु।

आफ्नो व्यस्तताबाट केही समय निकालेर यस शोधकार्यको लेखोट हेरेर आवश्यक र महत्त्वपूर्ण सुझावहरू दिनु भई प्रा. डा. घनश्याम नेपाल र प्रा. पुष्कर पराजुलीले मलाई विशेष आभारी तुल्याउनु भएको छ। त्यसै गरी स्नातकोत्तर तहदेखि प्रेरणा र हौसला दिँदै आउनु हुने आदरणीय गुरू धनकुमार देवान, मित्रगणहरूमा प्रा. दीपक तिवारी, श्री खेम सापकोटा, प्रा. विधान गोले, प्रा. डा. समर सिंह, छात्रा सृष्टि गिरीबाट मैले हर हमेशा स्नेहपूर्ण सहयोग र सुझाव पाएको छु। त्यसरी नै मेरा आदरणीय दाइ धनिराम टोटो र श्री जी. पी. शर्माले जुन गुण लाउनु भएको छ त्यसको निम्ति आभार प्रकट म आफ्नो भाषिक सामार्थ्य अपर्याप्त रहेको अनुभाव गर्दछु।

उत्तर बङ्ग विश्वविद्यालय पुस्तकालयका दाइ विजय सुवेदी र दार्जीलिङ जिल्ला पुस्तकालयका दाइ टेकबहादुर छेत्रीले यस शोध कार्यको निम्ति आवश्यक र उपयोगी पुस्तक उपलब्द गराइदिएका छन्, वहाँलाई धन्यवाद नदिई सक्दिन।

प्रस्तुत शोधकार्य पूर्ण गर्नका निम्ति सदैव हुटहुटी लाउनका साथै सम्पूर्ण पारिवारिक उत्तरदायीत्वहरूबाट मलाई मुक्त राखी यसका निम्ति आवश्यक समय निकाल्न सहयोग गर्नुहुने पूज्यनीय माता-पिता, सासू-ससुरा, आदरणीय दाइ मणि प्रधान र पत्नीको स्नेहपूर्ण सहयोग पाएको छु।

शोधकार्यको अवधिमा मलाई आर्थिक अनुदान दिई धन्य तुल्याउने विश्वविद्यालय अनुदान आयोगप्रति आभार व्यक्त नगरी सक्दिन।

अन्तमा अन्वेषणको क्रममा सस्नेह पितृवत् परामर्श र विश्वविद्यालय नियमअनुसार निर्देशन गर्नुहुने पूज्यपाद गुरूवर प्रा. शान्तिराम शर्मा, नेपाली विभाग उत्तर बङ्ग विश्वविद्यालय र भाषाविद् प्रा. डा. किशोरकुमार राहीं, संस्कृत सरकारी महाविद्यालयप्रति मेरो चिर शब्दातीत कृतज्ञता सञ्चित रहनेछ।

शोधार्थी

महेश प्रधान

25.02.11